Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

........ शाखा

वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स नं. ०६६-५२०२०४

प.नं. ०७९/८०
च.नं.

मिति २०७९/१०/२९

**बेरोजगार व्याक्तिहरुलाइ न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने जरुरी सूचना**

रोजगारीको हक सम्वन्धि ऐन, २०७५ को दफा ११, तथा नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ.व २०८०/८१ मा न्युनतम रोजगारीमा संलग्न हुन चाहने विपन्न व्यक्ति वा न्यून आय भएका, निवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भइ ५९ वर्ष उमेर नकटेका, सम्वन्धित वडामा स्थायी वसोवास गरेका व्यक्तिले २०७९ फाल्गुन मसान्तसम्म आवश्यक कागजात सहित आफ्नो स्थायी वसोवास गरेको सम्वन्धित वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ वमोजिमको ढाँचामा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । बेरोजगार दर्ताको लागि दिने निवेदन प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np वा सम्बन्धित वडावाट प्राप्त गर्न सकिन्छ ।

पुनश्चः चालु आ.व २०७९/८० मा सुचिकृत भएका वेरोजगार व्यक्तिहरुले समेत आ.व २०८०/८१ का लागि सुचिकृत हुन तोकिएका निवेदन फारम भरि नवीकरण गराउनु पर्नेछ । निवेदन दिने व्यक्तिले फाररमा उल्लेखित विवरण पूर्णरुपमा नभरेको वा तोकिएको कागजातहरु पेश नगरेमा उक्त निवेदनहरु स्वतः रद्द हुने समेत यसै सुचना मार्फत जानकारी गरिन्छ ।

निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः

१) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२) निवेदकको पासपोर्ट साइजको फोटो
३) निवेदकको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४) निवेदक अन्यत्रबाट बसाई सराई भइ आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपि
५) सिपमुलक तालिम लिएको भए तालिम को प्रमाण पत्रको प्रतिलिपि
६) निवेदक वा परिवारमा अपाङ्गता भएका सदस्य भए अपाङ्गता परिचय पत्रको प्रतिलिपि
७) निवेदक वैदेशिक रोजगारवाट रोजगार गुमाई फर्किएको वा श्रम स्वीकृति लिई रोजगारीमा जान नपाएको भए उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपि ।
८) निवेदक महिला भएको र नागरिकता मा स्थायी ठेगाना फरक परेको खण्डमा बिवाह दर्ता प्रमाणपत्र को प्रतिलिपि

.....................
किसानराज चिलुवाल
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत